# सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सुरक्षित आप्रवासन कार्यक्रम
सिंहदरबार, काठमाडौं

# सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९

**स्वीकृत मितिः २०७९।०३।२१**

**<u>प्रस्तावना</u> :** वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता बमोजिम सुरक्षित आप्रवासन कार्यक्रमको कार्यान्वयनमा सहजता र एकरूपता कायम गर्न आवश्यक भएकोले,

कार्यक्रम दस्तावेजको बुदाँ ६.१.१ को कार्यक्रम निर्देशक समितिको सन्दर्भ शर्त तथा कार्यक्रम दस्तावेज (परिशिष्ट) बुदाँ ३.४ मा उल्लेख भएको व्यवस्था बमोजिम कार्यक्रम निर्देशक समितिले यो मार्गदर्शन स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो मार्गदर्शनको नाम "सुरक्षित आप्रवासन कार्यक्रम मार्गदर्शन, २०७९" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "आप्रवासी कामदार" भन्नाले वैदेशिक रोजगारीका लागि विदेश जाने प्रक्रियामा रहेको र श्रम स्वीकृति लिई विदेशमा काम गरिरहेको नेपाली नागरिकलाई सम्झनु पर्छ।

(ख) "आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र" भन्नाले आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ७ बमोजिम स्थापना भएको केन्द्र सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(घ) “कार्यक्रम दस्तावेज” भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार र स्वीस सरकारबीच सम्झौता भए पश्चात तयार पारिएको कार्यक्रम दस्तावेजलाई सम्झनु पर्छ।

(ङ) “कार्यक्रम” भन्नाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौता बमोजिम सञ्चालन हुने सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई सम्झनु पर्छ।

(च) “नियमावली” भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(छ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ज) “राष्ट्रिय आप्रवासी स्रोत केन्द्र” भन्नाले आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि , २०७८ को दफा ३ बमोजिम वैदेशिक रोजगार बोर्डको सचिवालय अन्तर्गत स्थापना तथा सञ्चालन भएको केन्द्र सम्झनु पर्छ।

(झ) “रिटर्नी कामदार” भन्नाले वैदेशिक रोजगारबाट स्वदेश फर्किएका नेपाली नागरिकलाई सम्झिनु पर्छ।

(ञ) “रोजगार संयोजक” भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ट) “रोजगार सेवा केन्द्र” भन्नाले रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय तहमा सञ्चालन भएका केन्द्र सम्झनु पर्छ।

(ठ) “वैदेशिक रोजगार” भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्छ।

(ड) “स्थानीय तह” भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद-२

## सुरक्षित आप्रवासन कार्यक्रम सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको लक्ष्य :** (१) नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई राज्यको संयन्त्रबाट संरक्षण गरी सुरक्षित तथा मर्यादित कार्य वातावरणबाट लाभान्वित बनाउने लक्ष्य रहेको छ।

(२) यस कार्यक्रमको तेस्रो चरण र थप २ वर्ष समयावधिको लक्ष्य देहाय बमोजिम हुनेछ।

| १ | | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| मुख्य कार्यक्रमहरु | | तेश्रो चरणको लक्ष्य (जना) | २०७८ माघ मसान्त सम्मको प्रगति जम्मा (जना) | बाँकी ५ महिना (२०७९ असार मसान्त सम्म) को अनुमानित प्रगति (जना) | तेस्रो चरणको समग्र प्रगति (स्तम्भ ३ र ४ सहित) | तेस्रो चरणको अवधिमा हासिल गर्न बाँकी हुने लक्ष्य (अनुमानित) | थप समयावधि (२ वर्ष) को लागि थप लक्ष्य | थप समयावधि (२ वर्ष) को लागि कुल लक्ष्य (स्तम्भ ६ र ७ सहित) | जम्मा लक्ष्य (तेस्रो चरणको ४ वर्ष र थप समयावधिको २ वर्ष गरी ६ वर्ष) (स्तम्भ २ र ७ को योगफल) |
| सूचनामा पहुँच | आप्रवासी श्रोत केन्द्रवाट सूचना प्रवाह | ५,००,००० | ३,८९,७५० | ३५,२५० | ४,२५,००० | ७५,००० | १,४५,००० | २,२०,००० | ६,४५,००० |
| | समुदाय गतिविधि | ३,५०,००० | १,००,३६० | १६,००० | १,१६,३६० | २,३३,६४० | ६६,४७० | ३,००,११० | ४,१६,४७० |
| न्यायमा पहुँच | | १५,००० | १४,५१२ | ४८८ | १५,००० | ० | ६,००० | ६,००० | २१,००० |
| मनोसामाजिक परामर्श | व्यक्तिगत परामर्श | ६,००० | ४,७३० | ७५० | ५,४८० | ५२० | ४,५०० | ५,०२० | १०,५०० |
| | समुह परामर्श | ४६,८०० | २८,२५० | ३,००० | ३१,२५० | १५,५५० | १५,६५० | ३१,२०० | ६२,४५० |
| व्यवसायीक सीप तालिम | | ७,००० | ३,६०० | १,८०० | ५,४०० | १,८०० | १,००० | २,६०० | ८,००० |
| वित्तीय साक्षरता | | ४६,८०० | २८,७९० | ३,००० | ३१,७९० | १५,०१० | १६,१९० | ३१,२०० | ६२,९९० |
| जम्मा | | ९२४८०० | ५४१७४२ | ५७२८८ | ५९९०३० | ३२५७७० | २३९१६० | ५६४९३० | ११६३९६० |

४. **<u>कार्यक्रमको उद्देश्य</u>** : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) वैदेशिक रोजगारमा रहेका कामदार र कामदारका परिवारको उचित संरक्षण गर्ने।

(ख) गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रुपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतका सहयोग प्रदान गर्ने।

(ग) वैदेशिक रोजगारमा सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारलाई थप उपलब्धिमूलक बनाउने।

५. **<u>कार्यक्रमको अपेक्षित उपलब्धि</u>** : यस कार्यक्रम को अपेक्षित उपलब्धि देहाय बमोजिम रहने छन् :-

(क) वैदेशिक रोजगारमा रहेका कामदार र तिनका परिवार तथा सीमान्तकृत समुदायको वैदेशिक रोजगारबाट प्राप्त हुने प्रतिफल (लाभ) मा वृद्धि हुनुका साथै सामाजिक दुष्प्रभाव न्यूनीकरण भएको हुनेछ।

(ख) राज्यका तीनवटै सरकारी संयन्त्रको प्रभावकारी प्रयोग गरी वैदेशिक रोजगारमा रहेका कामदार र तिनका परिवारको उचित संरक्षण गरिनेछ।

६. **<u>कार्यक्रमका क्रियाकलाप</u>** : (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका मुख्य क्रियाकलापहरू रहने छन् :-

(क) सूचना तथा परामर्श,

(ख) सीप विकास तालीम,

(ग) न्यायमा पहुँच,

(घ) मनोसामाजिक परामर्श,

(ङ) वित्तीय साक्षरता।

(२) उपदफा (१) बमोजिमको क्रियाकलापको अतिरिक्त देहायका सहायक क्रियाकलापहरु रहने छन्:-

(क) वैदेशिक रोजगारमा रहेका कामदारका परिवार तथा फर्केका कामदारको सञ्जाल निर्माण,

(ख) राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको सवलीकरण,

(ग) कार्यक्रम साझेदारहरुबीच समन्वय,

(घ) संयन्त्र निर्माण र समुदायसँगको सहकार्यमा कामदारको समस्या समाधानका निम्ति सहजीकरण प्रणालीको विकास गर्न विभिन्न कार्यहरू,

(ङ) कार्यक्रमका सेवालाई दिगो रुपमा सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनको लागि आवश्यक सहयोग पुर्‍याउने।

७. **कार्यक्रमको लक्षित सेवाग्राही :** यस कार्यक्रम को लक्षित सेवाग्राही देहाय बमोजिम हुनेछन्ः-

(क) वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार,

(ख) वैदेशिक रोजगारीमा रहेका कामदार,

(ग) वैदेशिक रोजगारीबाट स्वदेश फर्केका कामदार,

(घ) वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरु।

८. **कार्यक्रम सञ्चालन हुने जिल्ला तथा स्थानीय तह :** (१) कार्यक्रम दस्तावेजमा उल्लेख भएका आधारहरुको प्रयोग गरी छनौट गरिएको ३८ जिल्लाका १५६ स्थानीय तहमा सञ्चालन हुनेछ र जिल्ला तथा स्थानीय तहको विवरण अनुसूची-१ मा गरिएको छ।

(२) कार्यक्रम सञ्चालन सम्बन्धी पूर्वाधार अनुसूची-२ बमोजिम हुनु पर्नेछ।

९. **कार्यक्रमको समयावधि :** नेपाल सरकार र स्वीस सरकार बीचमा सम्झौता भए बमोजिम सुरक्षित आप्रवासन कार्यक्रम (तेस्रो चरण) को समयावधि दुई वर्ष थप भई २०७९ श्रावण १ देखि २०८१ आषाढ ३१ सम्म कायम हुनेछ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन विधि

१०. **कार्यक्रम सञ्चालन विधि :** (१) मन्त्रालयको नीतिगत नेतृत्वमा प्रदेश सरकार र स्थानीय तहको व्यवस्थापनमा संघ, प्रदेश र छनौट भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछ।

(२) स्थानीय तहले कार्यक्रमको आवश्यकता बमोजिम आफै कर्मचारी नियुक्त वा सेवा प्रदायक संस्था खरिद गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिमको कर्मचारीहरुको छनौट र नियुक्तिको आधारहरु अनुसूची-३ बमोजिम हुनेछ।

(४) सम्बन्धित जिल्लाको कार्यक्रम लागू भएका स्थानीय तहहरुबीच सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने निर्णय भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम संयुक्त रुपमा वा फरक-फरक रुपमा एउटै सेवा प्रदायक संस्था खरिद गरी सो संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

११. **प्राविधिक सहयोग :** (१) संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय नतिजाको निम्ति हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

## परिच्छेद- ४

## संरचनागत तथा संस्थागत व्यवस्था

१२. **कार्यक्रम निर्देशक समिति (Programme Steering Committee) :** (१) कार्यक्रमले लक्षित गरेको क्रियाकलापलाई व्यवस्थित र समन्वयात्मक रूपबाट सञ्चालन गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | हेड अफ कोअपरेशन, स्वीस सरकार विकास सहयोग (एसडीसी) | -सह-अध्यक्ष |
| (ग) | प्रमुख/अध्यक्ष, आप्रवासी स्रोत केन्द्र रहेको स्थानीय तहको प्रमुख (आलोपालो गरी २ वटा प्रदेशबाट प्रतिनिधित्व रहने गरी २ जना) | -सदस्य |
| (घ) | महानिर्देशक, वैदेशिक रोजगार विभाग | -सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड | -सदस्य |
| (च) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| (ञ) | प्रदेश सचिव, प्रदेश सरकारको तर्फबाट श्रम तथा रोजगार कार्यक्षेत्र भएका मन्त्रालयहरु मध्येबाट (सबै प्रदेशबाट आलोपालो प्रतिनिधित्व हुने गरी एक पटकमा २ जना) | -सदस्य |
| (ट) | प्रतिनिधि, स्वीस सरकार विकास सहयोग एसडीसी | -सदस्य |
| (ठ) | सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्त र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम को प्रभावकारी सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) वार्षिक कार्य योजनाको स्वीकृति गर्ने,

(ग) वित्तीय एवं लेखापरीक्षण सम्बन्धी प्रतिवेदनहरूको अनुमोदन गर्ने,

(घ) कार्यक्रम सम्बन्धी वार्षिक, अर्धवार्षिक प्रतिवेदनहरूको समीक्षा र स्वीकृत गर्ने,

(ङ) कार्यक्रमको अनुगमन र मुल्याङ्कन गर्ने गराउने,

(च) आवश्कता अनुसार कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन तथा कार्यविधि स्वीकृत गर्ने,

(छ) कार्यक्रम समन्वय इकाईबाट पेश भएका विषयलाई छलफल र निर्णय गर्ने।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले कार्यक्रम सहयोग इकाईको टिम लिडरलाई सदस्यको रूपमा आमन्त्रित गरिनेछ साथै आवश्यकतानुसार मन्त्रालयका पदाधिकारी, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) नेपाल, हेल्भेटास नेपाल लगायत अन्य सरोकारवाला निकाय तथा संस्थाका प्रमुख वा प्रतिनिधि तथा विषयगत विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक वर्षमा कम्तीमा २ पटक वा आवश्यकतानुसार थप बैठक बस्न सक्नेछ।

१३. **कार्यक्रम समन्वय इकाई (Programme Coordination Unit) :** (१) कार्यक्रम हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिम कार्यक्रम समन्वय इकाई समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सहसचिव, मन्त्रालय | -संयोजक |
| (ख) | प्रमुख, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा | -सदस्य |
| (ग) | प्रमुख, वैदेशिक रोजगार व्यवस्थापन शाखा | -सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ङ) | निर्देशक, वैदेशिक रोजगार विभाग | -सदस्य |
| (च) | निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय | -सदस्य |
| (छ) | प्रतिनिधि, कार्यक्रम सहयोग इकाई, सामी | -सदस्य |
| (ज) | शाखा अधिकृत, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समन्वय समितिले आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय इकाईले देहाय बमोजिमको कार्य गर्नेछ:-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको निम्ति मन्त्रालय मातहतका कार्यालय, कार्यक्रम सहयोग इकाई लगायत अन्य सरकारी निकायहरूसँग समन्वय र आवश्यक सहजीकरण गर्ने,

(ख) मन्त्रालयको तर्फबाट कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको स्थलगत अनुगमन गरी व्यवहारिक तथा नीतिगत सुधारका लागि सुझाव प्रदान गर्ने,

(ग) कार्यक्रम निर्देशक समितिको बैठकको लागि आवश्यक तयारी गर्ने,

(घ) निर्देशक समितिले तोकेका अन्य कार्यहरू गर्ने।

१४. <u>**प्रदेश कार्यक्रम समन्वय समिति (Province Programme Coordination Committee)**</u> **:** (१) प्रदेश तहको कार्यलाई समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको प्रदेश कार्यक्रम समन्वय समिति रहनेछ:-

(क) मन्त्री, प्रदेश सरकारको श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनीधि, स्वीस सरकार विकास सहयोग एसडीसी -सह-अध्यक्ष

(ग) प्रमुख/अध्यक्ष, सम्बन्धित प्रदेश भित्रका आप्रवासी स्रोत केन्द्र रहने स्थानीय तह (आलोपालो १ पटकमा गरी २ स्थानीय तहबाट) -सदस्य

(घ) प्रमुख/अध्यक्ष, कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरु मध्येबाट (आलोपालो गरी २ जना १ पटकमा) -सदस्य

(ङ) सचिव, प्रदेश सरकारको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालय -सदस्य

(च) प्रतिनिधि (अधिकृतस्तर), प्रदेशको विषयगत सम्बन्धित मन्त्रालय -सदस्य

(छ) प्रमुख जिल्ला अधिकारी, प्रदेश राजधानी भएको जिल्लाको जिल्ला प्रशासन कार्यालय -सदस्य

(ज) प्रतिनिधि (अधिकृतस्तर), प्रदेश सरकारको श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालय -सदस्य-सचिव

(झ) प्रदेश संयोजक, प्रदेशस्थित सामी परियोजना सहयोग इकाई (स्थायी आमन्त्रित) -सदस्य

(२) उपदफा (१) बमोजिमको समन्वय समितिले श्रम तथा रोजगार कार्यालयको प्रतिनिधि र प्रदेश स्तरीय आप्रवासी कामदार हकहित सञ्जालका प्रतिनिधि लगायत अन्य सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक वर्षमा २ पटक बस्नेछ वा आवश्यकता बमोजिम थप बैठक बस्न सक्नेछ। समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ। बैठकको आवश्यक तयारी सदस्य-सचिवले गर्नेछ। साथै बैठक सम्बन्धी कार्यविधि समिति आफैले बनाउनेछ।

(४) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्त र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहले प्रदान गर्ने सेवामा समन्वय र एकरुपता सुनिश्चित गर्नको लागि सहजीकरण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनबाट हाँसिल भएका अनुभवका आधारमा प्रदेश तहका वैदेशिक रोजगार सम्बन्धी नीति, नियम, कानून तथा कार्यक्रम तर्जुमा साथै बजेट बिनियोजनका लागि सहयोग र सिफारिस गर्ने।

**१५. <u>स्थानीय तह कार्यक्रम समन्वय समिति (Local Government Programme Coordination Committee)</u>** **:** (१) कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन गर्न तथा आवश्यक निर्णय, सहजीकरण र समन्वय कायम गर्नका लागि जिल्लास्तरमा निम्नानुसारको स्थानीय तह समन्वय समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख/अध्यक्ष, आप्रवासी स्रोत केन्द्र रहने स्थानीय तह | -प्रमुख |
| (ख) | प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, सम्बन्धित स्थानीय तह | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित स्थानीय तह | -सदस्य |
| (घ) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यलय र इलाका प्रशासन कार्यालय | -सदस्य |
| (ङ) | संयोजक, विषयगत समिति | -सदस्य |
| (च) | प्रतिनिधि, सेवा प्रदायक संस्था (खरिद गरिको भएमा) | -सदस्य |
| (छ) | प्रमुख, आप्रवासी स्रोत केन्द्र रहने स्थानीय तहको श्रम तथा रोजगार हेर्ने शाखा | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समन्वय समितिले कार्यक्रम सहयोग इकाई (हेल्भेटास नेपाल) को प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्नेछ। साथै आप्रवासी कामदार हकहित

सञ्जालका प्रतिनिधि लगायत अन्य सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक ३ महिनामा १ पटक बस्नेछ वा आवश्यकता बमोजिम थप बैठक बस्न सक्नेछ। समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ। बैठक सम्बन्धी कार्यविधि समिति आफैले बनाउनेछ।

(४) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्त र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित जिल्ला भित्र संचालित कार्यक्रम को प्रभावकारीता अभिवृद्धि गर्न कार्यक्रम को अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्ने,

(ख) कार्यक्रम संयोजकबाट स्थानीय तहहरुमा कार्यक्रम सञ्चालनमा हुनुपर्ने आवश्यक समन्वय र सहयोग प्राप्त भएको सुनिश्चित गर्ने,

(ग) संयुक्त रुपमा सेवा प्रदायक संस्था खरिद गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको अवस्थामा सेवा प्रदायक संस्था खरिद र परिचालनका लागि आवश्यक सहजीकरण गर्ने।

१६. <u>**स्थनीय तह कार्यक्रम व्यवस्थापन समिति (Local Government Programme Management Committee)**</u> **:** (१) स्थानीय तहमा कार्यक्रम प्रभावकारी कार्यान्वयनको निम्ति स्थानीय तह कार्यक्रम व्यवस्थापन समिति रहनेछ। यसको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख/अध्यक्ष, स्थानीय तह | -अध्यक्ष |
| (ख) | उपप्रमुख/उपाध्यक्ष, स्थानीय तह | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह | -सदस्य |
| (घ) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालय | -सदस्य |
| (ङ) | संयोजक, विषयगत समिति | -सदस्य |
| (च) | शाखा प्रमुख, स्वास्थ्य शाखा | -सदस्य |
| (छ) | रोजगार संयोजक, रोजगार सेवा केन्द्र | -सदस्य |
| (ज) | प्रतिनिधि, सेवा प्रदायक संस्था (खरिद गरेको भएमा) | -सदस्य |
| (झ) | शाखा प्रमुख/फोकल पर्सन, श्रम तथा रोजगार हेर्ने शाखा | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिले कार्यक्रम सहयोग इकाई (हेल्भेटास नेपाल) को प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्नेछ। साथै आप्रवासी कामदार हकहित सञ्जाल का प्रतिनिधि लगायत अन्य सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको बैठक वर्षमा कम्तिमा ३ महिनामा १ पटक बस्नेछ वा आवश्यकता बमोजिम थप बैठक बस्न सक्नेछ। समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ। बैठक सम्बन्धी कार्यविधि समिति आफैले बनाउनेछ।

(४) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको काम, कर्तव्त र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित स्थानीय तह भित्र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग तथा परामर्श उपलब्ध गराउने,

(ख) कार्यक्रमका कार्यहरूको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

(ग) अनुगमनबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रयोग गर्ने तथा गराउने प्रबन्ध मिलाउने,

(घ) वैदेशिक रोजगारसँग सम्बन्धित समस्या तथा सवालहरुको विषयमा छलफल गरी साझा धारणा निर्माण गर्ने र उक्त सवालहरुलाई सम्बोधनका लागि स्थानीय तहमा नीति निर्माण तथा योजना तर्जुमा र बजेट व्यवस्थापन प्रक्रियामा सहजीकरण गरी कम्तिमा थप २ वटा वडामा कार्यक्रम विस्तारको लागि पहल गर्ने,

(ङ) सुरक्षित आप्रवासनसँग सम्बन्धित विषयहरुमा थप सेवा प्रवाहका लागि प्रदेश सरकार र सरोकारवाला, जिल्ला भित्रका अन्य स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र अन्य सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(च) प्रचलित कानुन बमोजिमका वैदेशिक रोजगार सम्बन्धी जिम्मेवारीहरु पूरा गर्न सहयोग गर्ने।

१७. **<u>कार्यक्रम सहयोग इकाई (Programme Support Unit)</u> :** (१) तीनवटै तहका सरकारबाट सञ्चालित सामी कार्यक्रमको गुणस्तरीय तथा प्रभावकारी कार्यान्वयनको लागि निरन्तर प्रविधिक सहयोग प्रदान गर्न

हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालको व्यवस्थापनमा कार्यक्रम सहयोग इकाई रहनेछ। यो इकाईको कार्यालय काठमाडौं र प्रदेशस्तरमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार र स्थानीय तहलाई सुरक्षित आप्रवासन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा वैदेशिक रोजगार सम्बन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक प्राविधिक र विज्ञ सेवा तथा सहयोग उपलब्ध गराउने,

(ख) मन्त्रालयलाई वैदेशिक रोजगार सम्बन्धी नीति तर्जुमा, विश्लेषण, अध्ययन, अनुसन्धान आदि कार्यमा आवश्यकता अनुसार प्राविधिक सहायता उपलब्ध गराउने,

(ग) वैदेशिक रोजगार बोर्डसँग राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको सञ्चालन तथा सवलीकरण, सीप विकास, सूचना सामग्री तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यमा सहयोग र सहकार्य गर्ने,

(घ) कानुनी सहायता, उद्धार सहयोग, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, आम सञ्चार र अध्ययन तथा अनुसन्धानका लागि राष्ट्रिय साझेदार संस्था व्यवस्थापन र परिचालन गर्ने,

(ङ) वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने सीपमुलक तालीमलाई गुणस्तरीय बनाउन आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) सीप तालीम सञ्चालन गर्न तालीम प्रदायक संस्था खरिद गरी परिचालन गर्ने,

(छ) समग्र कार्यक्रमको गुणस्तर वृद्धिमा सहयोग गर्ने। साथै कार्यक्रमका मुख्य क्रियाकलापहरु सञ्चालनका लागि आवश्यक निर्देशिका तथा मापदण्डहरु तयारी गर्न सहयोग गर्ने,

(ज) आप्रवासी कामदारको अधिकार रक्षाका सम्बन्धमा निरन्तर पृष्ठपोषण प्रदान गर्ने र तीनै तहका सरकारसँग वैदेशिक रोजगारी व्यवस्थापनका क्षेत्रमा क्षमता अभिवृद्धिमा सहकार्य गर्ने,

(झ) मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसी सँगको समन्वयमा वार्षिक कार्ययोजना तथा बजेट तयार गरी कार्यक्रम निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्ने,

(ञ) कार्यक्रमको बजेट, खर्च तथा प्रगति प्रतिवेदनलाई अद्यावधिक गर्ने,

(ट) कार्यक्रमको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ठ) प्रगति प्रतिवेदनहरु तयार गर्न सम्बन्धित स्थानीय तहसँग सहकार्य गर्ने र प्रतिवेदन एकीकृत तथा विश्लेषण गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ड) कार्यक्रम निर्देशक समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ढ) कार्यक्रम सँग सम्वन्धित कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने,

(ण) स्थानीय तहले सेवा प्रदायक संस्था मार्फत कार्यक्रम सञ्चालन गरेको अवस्थामा सेवा प्रदायक संस्थाबाट सञ्चालन भएका कार्यक्रमको नियमित रुपमा अनुगमन गरी गुणस्तर वृद्धिको लागि सुझाव तथा सल्लाह प्रदान गर्ने र सो को जानकारी स्थानीय तहलाई दिने।

(३) माथि उल्लेखित जिम्मेवारीहरु पूरा गर्न संघीय तहमा कार्यक्रम सहयोग इकाई र सो अन्तर्गत प्रदेश स्तरीय कार्यक्रम सहयोग इकाईहरु रहनेछन्। यसका अतिरिक्त कार्यक्रमका मुख्य सेवा तथा क्रियाकलापहरुमा विशेषज्ञ सहयोग उपलब्ध गराउने गरी कार्यक्रम सहयोग इकाईले राष्ट्रिय साझेदार संस्था आवश्यकता अनुसार परिचालन गर्नेछ।

१८. **<u>प्रदेश तह कार्यक्रम सहयोग इकाई (Province Level Programme Support Unit)</u> :** (१) प्रदेश तहमा कार्यक्रमका लक्ष्यहरु पूरा गर्न स्थानीय तथा प्रदेश सरकारलाई प्राविधिक सहयोग प्रदान गर्न कार्यक्रम सहयोग इकाई काठमाडौं मातहत रहने गरी प्रदेश १, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा प्रदेश स्तरीय कार्यक्रम सहयोग इकाई रहनेछन्। लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका लागि एउटा कार्यक्रम सहयोग इकाई कार्यालय रहनेछ। बागमती प्रदेशको प्रदेश स्तरीय कार्यालयको भूमिका कार्यक्रम सहयोग इकाई काठमाडौंमा रहनेछ।

(२) प्रदेश तह कार्यक्रम सहयोग इकाईका जिम्मेवारीहरु देहाय अनुसार रहनेछन् :-

(क) प्रदेश सरकारलाई वैदेशिक रोजगारका सवालमा नीति तथा कानून निर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा स्थानीय तहहरुसँगको समन्वय वृद्धि गर्न प्राविधिक सहयोग र सहजीकरण गर्ने,

(ख) प्रदेश भित्रका स्थानीय तहहरुमा सञ्चालित कार्यक्रमका सम्पूर्ण क्रियाकलापहरुको गुणस्तर वृद्धि गर्न प्राविधिक सहयोग प्रदान गर्ने। सोका लागि प्रदेश अन्तर्गत दुई देखि तीन जिल्लाहरु हेर्ने गरी कार्यक्रम अधिकृतहरु परिचालन हुनेछन् र निम्नानुसारको प्राविधिक सहयोग उपलब्ध गराउनेछन् :-

(१) स्थानीय तहलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी नीति, कानून तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहयोग गर्ने,

(२) स्थानीय तह स्वयंले कार्यक्रम कार्यान्वयनको लागि नियुक्ति गरी परिचालन गरेका कर्मचारीहरु वा स्थानीय सेवा प्रदायक संस्था मार्फत व्यवस्थापन गरेका कार्यक्रमका कर्मचारीहरुको आधारभूत क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग गर्ने,

(३) कार्यक्रमको वार्षिक कार्ययोजना तथा प्रतिवेदन तयार गर्न सहयोग गर्ने,

(४) स्थानीय तह कार्यक्रम समन्वय/व्यवस्थापन समितिको बैठकका लागि आवश्यक सहयोग गर्ने,

(५) आफ्नो कार्य क्षेत्रभित्र सञ्चालन गर्नुपर्ने कार्यक्रमका क्रियाकलापहरु समयमा नै सञ्चालन गर्न पहल गर्ने,

(६) कार्यक्रमका क्रियाकलापहरु गुणस्तरीय सञ्चालनमा सहयोग, अनुगमन तथा पृष्ठपोषण गर्ने,

(७) कार्यक्रमका कर्मचारी तथा सेवा प्रदायक संस्था छनौट गर्नुपर्ने भएमा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग गर्ने,

(८) कार्यक्रमको आवधिक प्रगति समीक्षा बैठक, संयुक्त अनुगमन, प्रतिवेदन तयारी आदि कार्यमा सहजीकरण एवम् प्राविधिक सहयोग प्रदान गर्ने,

(९) तोकिए बमोजिमका निकायमा नियमित प्रतिवेदन पेश गर्ने,

(१०) श्रम तथा रोजगार कार्यालयहरुसँग आवश्यक समन्वय गर्ने,

(११) राष्ट्रिय साझेदार संस्थाका सम्बन्धित कर्मचारीहरुलाई प्रदेश तथा स्थानीय तहमा समन्वयको लागि आवश्यक सहयोग गर्ने।

१९. <u>अन्य संस्थागत व्यवस्था</u> **:** (१) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका निम्ति मन्त्रालयको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय गर्ने,

(ख) कार्यक्रमको बार्षिक बजेट तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,

(ग) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम कार्यक्रम लागु भएका मध्य २३ जिल्लाका ९६ स्थानीय तहहरूमा सरकारको तर्फबाट आवश्यक बजेटको ब्यवस्था मिलाउने,

(घ) सञ्चालित कार्यक्रम को नियमित अनुगमन तथा सुपरीवेक्षण गरी सुधारका लागि निर्देशन दिने,

(ङ) कार्यक्रमको कार्य प्रगतिको नियमित समीक्षा र नीतिगत निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने,

(च) मन्त्रालयमा कार्यक्रम सम्पर्क सचिवालय स्थापना गरी सम्पर्क व्यक्ति तोक्ने।

(१) स्वीस सरकार र नेपाल सरकारबीच दुई पक्षीय सम्झौता बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा स्वीस सरकार विकास सहयोग (एसडीसी) को देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी रहनेछ :-

(क) कार्यक्रम कार्यान्वयन सम्बद्ध निकायहरु र अन्य सरोकारवाला पक्षहरूसँग नीतिगत परामर्श र समन्वय गर्ने,

(ख) कार्यक्रम निर्देशक समितिको सह-अध्यक्षको रूपमा र आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तह कार्यक्रम समन्वय समितिहरूमा सहभागिता जनाउने,

(ग) सामी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्राविधिक सहयोग प्रदान गर्न संस्था छनौट/खरिद तथा सम्झौता गरी जिम्मेवारी प्रदान गर्ने,

(घ) आवश्यकता अनुसार कार्यक्रम सञ्चालन र प्रभावकारिताका लागि विज्ञको सेवा लगायत अन्य सहयोग प्रदान गर्ने,

(ङ) कार्यक्रम दस्तावेजमा प्रावधान भए बमोजिम कार्यक्रमको मूल्याङ्कनको लागि आर्थिक र प्राविधिक सहयोग सुनिश्चिता गरी मूल्याङ्कनको व्यवस्थापन गर्ने,

(च) यस कार्यक्रमसँग सम्बन्धित अन्य कार्यक्रमसँग प्रभावकारी सहकार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(छ) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लगि समयमा बजेट उपलब्ध गराउने।

(३) यस कार्यक्रम सञ्चालनको निम्ति वैदेशिक रोजगार विभागको देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ :-

(क) आवश्यकता अनुरूप वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरी प्रदेश तथा स्थानीय तहमा विस्तारको लागि पहल गर्ने,

(ख) उजुरी तथा गुनासो व्यवस्थापनलाई बढी प्रभावकारी बनाई सेवालाई विकेन्द्रित गर्ने,

(ग) स्थानीय तथा प्रदेश स्तरमा हुने नीति निर्माणका कार्यहरुमा आवश्यकता अनुसार सहयोग गर्ने,

(घ) सामी कार्यक्रम अन्तर्गत विभिन्न तहमा सहजीकरणका लागि प्राप्त वैदेशिक रोजगारसँग सम्बन्धित समस्याहरुको सम्बोधनको लागि सहयोग गर्ने। साथै प्राप्त सिकाईहरुको आधारमा नीतिगत सुधारका लागि आवश्यक पहल गर्ने,

(ङ) वैदेशिक रोजगार विभागले प्रदान गर्ने कानुनी सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न सामी कार्यक्रम अन्तर्गत परिचालन भएको सम्बन्धित राष्ट्रिय साझेदार संस्थालाई सहजीकरण र सहयोग गर्ने।

(४) यस कार्यक्रम सञ्चालनको निम्ति परियोजना सञ्चालन भएका जिल्लाको जिल्ला प्रशासन कार्यालयको देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ :-

(क) जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा उपलब्ध गराउनका लागि जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयको हाता भित्र आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालनका लागि उपयुक्त स्थान तथा कार्य वातावरण उपलब्ध गराउने।

(ख) ऐनले प्रदान गरेको भूमिका अनुसार वैदेशिक रोजगार सम्बन्धी उजुरीहरु उपर नियमानुसार प्रक्रिया अगाडी बढाउने तथा आप्रवासी स्रोत केन्द्रको सेवालाई थप प्रभावकारी बनाउन सहयोग तथा पृष्ठपोषण गर्ने।

(५) यस कार्यक्रम सञ्चालनको निम्ति वैदेशिक रोजगार बोर्डको देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ :-

(क) स्थानीय तहमा सञ्चालन हुने आप्रवासी स्रोत केन्द्र/उप केन्द्रहरूलाई राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको तर्फबाट आवश्यक सूचना सामाग्री, निर्देशिका, कार्यविधि र मापदण्ड उपलब्ध गराउने,

(ख) सामी कार्यक्रमको लागि एक जना आप्रवासी स्रोत केन्द्र र एक जना सीप तालीमका लागि सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी प्रदान गर्ने,

(ग) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम गण्डकी प्रदेशका लागि दुई जना र लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लागि दुई जना गरी जम्मा चार जना कार्यक्रम अधिकृतको व्यवस्था गर्ने,

(घ) कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम नेपाल सरकारले बजेट व्यवस्थापन गर्ने गरी कार्यक्रम लागु तथा विस्तार भएका स्थानीय तहमा कार्यक्रम सहयोग इकाईको सहयोगमा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने,

(ङ) वैदेशिक रोजगार बोर्डबाट प्रदान हुने आर्थिक सहायता लगायतका सेवाहरु स्थानीय तह तथा प्रदेश तहबाट प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहहरु र आप्रवासी स्रोत केन्द्रहरुको क्षमता अभिबृद्धि र सहजीकरण गर्ने,

(च) स्थानीय तह मार्फत सञ्चालित आप्रवासी श्रोत केन्द्रहरुलाई सूचिकरणको लागि सहजीकरण साथै सञ्चालनको लागि आवश्यक उपलब्ध गराउने,

(छ) गन्तव्य मुलुकमा अप्ठ्यारोमा परेका कामदारहरुको समस्या समाधानमा सहजीकरणको लागि सामी कार्यक्रम अन्तर्गत परिचालन भएको सम्बन्धित राष्ट्रिय साझेदार संस्थालाई सहजीकरण र सहयोग गर्ने।

(६) कार्यक्रम सञ्चालनको निम्ति परियोजना सञ्चालन भएका प्रदेशको श्रम तथा रोजगार हेर्ने मन्त्रालयले देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ :-

(क) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमुलक बनाउन प्रदेश सरकारको भूमिका र जिम्मेवारीलाई प्रदेशको श्रम तथा रोजगार सम्बन्धी नीतिमा समावेश गर्न आवश्यक पहल गर्ने। साथै आवश्यक कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्ने,

(ख) प्रदेश स्तरीय कार्यक्रम समन्वय समितिको अध्यक्षता गरी तोकिएको जिम्मेवारी बहन गर्ने,

(ग) प्रदेश सरकारको बार्षिक नीति तथा कार्यक्रममा वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरु समावेश गरी स्थानीय तहहरुसँगको सहकार्यमा कार्यान्वयन गर्न पहल गर्ने,

(घ) प्रदेश भित्र सञ्चालित वैदेशिक रोजगार सम्बन्धीको कार्यक्रमहरुको अनुगमन गर्ने। साथै संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी कार्यक्रम हरुलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि पृष्ठपोषण प्रदान गर्ने,

(ङ) सामी कार्यक्रम अन्तर्गत प्राप्त शसर्त अनुदान र साझेदारी गरेको रकमलाई आप्रवासी स्रोत केन्द्र सञ्चालन लगायत तोकिएको उद्देश्य अनुसार कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्ने। साथै सो को भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित निकायमा पेश गर्ने।

(७) परियोजना सञ्चालन भएको स्थानीय तहको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने। साथै स्थानीय तह कार्यक्रम समन्वय तथा व्यवस्थापन समितिमा तोकिएको जिम्मेवारी निर्वाह गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक जनशक्ति व्यवस्था गरी कार्यक्रम सहयोग इकाईसँगको सहकार्यमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने,

(ग) यदि सेवा प्रदायक संस्था मार्फत कार्यक्रम कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहहरुको समन्वयमा नियमानुसार स्थानीय सेवा प्रदायक संस्थाको सेवा खरिद गरी परिचालन गर्ने,

(घ) सामी कार्यक्रम सहयोग इकाई अन्तर्गतका प्राविधिक सहयोग उपलब्ध गराउने कर्मचारीहरूसँग समन्वय गरी कार्यक्रमको प्रभावकारी कार्यन्वयनको साथै गुणस्तर वृद्धि गर्ने,

(ङ) कार्यक्रम अन्तर्गत सञ्चालित क्रियकलापहरुको नियमित अनुगमन गरी आवश्यक सुधार गर्ने,

(च) तोकिएको ढाँचा बमोजिम आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने,

(छ) कार्यक्रमको लागि प्राप्त बजेट प्रचलित कानून अनुसार खर्च गर्ने र लेखा परिक्षण गर्ने गराउने,

(ज) वैदेशिक रोजगार सम्बन्धी तथ्यांकहरु आवधिक रुपमा अद्यावधिक गर्ने,

(झ) सुरक्षित वैदेशिक रोजगार सम्बन्धी नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। साथै सम्बन्धित स्थानीय तहको संगठनिक संरचनामा श्रम तथा रोजगारको क्षेत्र हेर्ने गरी शाखा तथा उप शाखाको व्यवस्था गर्ने र सम्बन्धित कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्ने,

(ञ) वार्षिक तथा आवधिक योजना प्रक्रियामा सुरक्षित वैदेशिक रोजगारको विषयलाई प्राथमिकतामा राखी कार्यक्रम तथा बजेट साजेदारी गरी कम्तिमा थप २ वटा वडामा कार्यक्रम विस्तार गर्ने। साथै कार्यक्रमको विस्तारको लागि प्रदेश सरकार एवं अन्य निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) स्थानीय तह मातहत सञ्चालनमा रहेका आप्रवासी स्रोत केन्द्र र उपकेन्द्रलाई वैदेशिक रोजगार बोर्डको सचिवालयमा सूचीकृत गर्ने,

(ठ) "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" ले वैदेशिक रोजगार सम्बन्धी निर्देशित गरेका कार्यहरूको कार्यान्वयन तथा व्यवस्थापन गर्ने।

२०. **राष्ट्रिय साझेदार संस्थाहरु :** (१) कार्यक्रम सहयोग इकाईले सीप तालीम, कानुनी सहायता, उद्धार सहयोग, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, आम संचार र अध्ययन तथा अनुसन्धानका लागि राष्ट्रिय साझेदार संस्था तथा परामर्शदाता व्यवस्थापन गरी परिचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट तथा खरिद भएका साझेदार संस्था तथा परामर्सदाताको देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ :-

(क) कार्यक्रम सहयोग इकाईलाई आवश्यकता अनुसारको विशेषज्ञता सहयोग उपलब्ध गराउने,

(ख) मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ता छनौट लगायतका कार्यमा स्थानीय तह (स्थानीय सेवा प्रदायक संस्था छनौट भएको अवस्थामा) लाई आवश्यक प्राविधिक सहयोग गर्ने,

(ग) मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि पाठ्यक्रम, पाठ्य सामग्री र अन्य आवश्यक विवरणहरु तयार पारी उपलब्ध गराउने। साथै कर्मचारीको क्षमता अभिवृद्धिको योजना बनाउने र तालीम सामग्रीहरु तयार पार्ने,

(घ) कार्यक्रममा संलग्न जनशक्तिको तोकिए अनुसारको क्षमता अभिवृद्धिका लागि तालीम तथा अनुशिक्षण उपलब्ध गराउने,

(ङ) मनोसामाजिक परामर्शकर्ता तथा वित्तीय साक्षरता सहजकर्ताको कामको मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्ने,

(च) समस्यामा परेका कामदार तथा उनका परिवारलाई कानुनी परामर्श तथा सहजीकरणका लागि विज्ञ सेवा उपलब्ध गराउने साथै कामदारको संरक्षण, क्षतिपूर्ति तथा उद्धारमा सहयोग र सहजीकरण गर्ने,

(छ) स्थानीय तहलाई क्षेत्रगत (मनोसमाजिक परामर्श, वित्तीय साक्षरता) वार्षिक तथा आवधिक योजना एवम् कार्यक्रम तयार गरी कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने,

(ज) वैदेशिक रोजगारको सेवाहरुलाई दिगो रुपमा सञ्चालनको लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी आवश्यकता अनुसार विज्ञ सेवा उपलब्ध गराउने,

(झ) सम्झौता अनुसार प्रतिवेदन तयार गरी सामी कार्यक्रम सहयोग इकाईलाई उपलब्ध गराउने,

(ञ) राष्ट्रिय सेवा प्रदायक संस्थाको थप जिम्मेवारीहरु सामी कार्यक्रम सहयोग इकाईसँग भएको सम्झौता बमोजिम हुनेछ।

२१. **<u>आप्रवासी हकहित सञ्जाल गठन</u> :** (१) वैदेशिक रोजगारमा कार्यरत कामदारका परिवारका सदस्य तथा वैदेशिक रोजगारबाट स्वदेश फर्केका व्यक्तिहरुको सक्रियता तथा उनीहरुको नेतृत्वमा स्थानीय तहमा सञ्जालहरु गठन गर्ने कार्यमा कार्यक्रमले सहयोग गर्नेछ।

(२) उपदफा (१) बमिजिमको सञ्जालहरु सम्बन्धित स्थानीय तहमा नियमानुसार अभिलेखीकरण हुनेछन् र वैदेशिक रोजगारका तथ्यांक संकलन, व्यवस्थापन, सूचना प्रवाह, आय आर्जनका क्रियाकलाप सञ्चालन, ठगी न्यूनीकरण, कामदार तथा परिवारका सदस्यहरुको हकहित लगायतका कार्यमा स्थानीय तथा प्रदेश सरकार र अन्य सहयोगी निकायहरुसँग समन्वय तथा सहकार्य गर्नुका अतिरिक्त वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न स्थानीय तहको नीति, योजना तथा कार्यक्रम बनाउन समेत सहयोग गर्नेछन्।

२२. **<u>स्थानीय सहकारी संस्था</u> :** वैदेशिक रोजगारसँग सम्बन्धित व्यक्तिहरुलाई बचत गर्ने बानीको विकास गरी आयअर्जनमा सहयोग गर्न तथा रोजगारी सिर्जना गर्न स्थानीय सहकारीहरुसँग सहकार्य गर्न सक्नेछ।

२३. **<u>रोजगार सेवा केन्द्र</u> :** स्थानीय तहमा स्थापना भएको रोजगार सेवा केन्द्रले वैदेशिक रोजगारीको क्षेत्रमा सूचना प्रवाह, सीप तालीम र कानूनी सेवामा सहजीकरण गर्नका साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता लगायतको सेवा प्रवाहमा सहजीकरण गर्नेछ र यस विषयमा आप्रावसी स्रोत केन्द्रसँग समन्वय तथा सहकार्य गर्नेछ।

## परिच्छेद-५

## <u>कार्यक्रमका मुख्य क्रियाकलाप</u>

२४. **<u>सूचना तथा परामर्श</u> :** (१) सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित सेवाग्राहीलाई सूचना तथा परामर्श सेवा प्रदान गर्न आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रको व्यवस्थापन तथा सञ्चालनका आधार र सूचकहरु “आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८” बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आप्रवासी स्रोत केन्द्र जिल्ला प्रशासन कार्यालय परिसर र उपकेन्द्र ईलाका प्रशासन कार्यालयको परिसरमा रहनेछ।

(४) आप्रवासी स्रोत केन्द्र व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले आफ्नै बजेटमा आवश्यक कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र सञ्चालनका लागि आधारभूत पूर्वाधार अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिम आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रले देहाय बमोजिमको सेवा प्रवाह गर्नेछ :-

(क) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा उपलब्ध गराउने,

(ख) निःशुल्क सीप तालीमको लागि जानकारी तथा सिफारिस गर्ने,

(ग) वैदेशिक रोजगारको क्रममा ठगी तथा समस्यामा परेका व्यक्ति तथा तिनका परिवारहरुलाई कानूनी उपचारको लागि सहजीकरण गर्ने,

(घ) समुदाय स्तरमा खटिएका कर्मचारी तथा स्वयंसेवकहरुलाई अद्यावधिक सूचना, जानकारीहरु प्रदान गर्ने र उनीहरुको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने,

(ङ) आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र मार्फत प्रवाह भएको सेवाहरुको विवरण अद्यावधिक राख्ने,

(च) वैदेशिक रोजगार सम्बन्धी स्थानीय तहमा देखिएका समस्या र उपलब्धिको विवरण तयार पारी तोकिएको निकायमा पठाउने,

(छ) रोजगार सेवा केन्द्रसँग श्रम र रोजगारीको सम्बन्धमा समन्वय तथा सहकार्य गर्ने,

(ज) वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता तथा कल्याणकारी सेवा सम्बन्धमा सूचना प्रदान गर्ने तथा सहजीकरण गर्ने,

(झ) राष्ट्रिय साझेदार संस्था तथा राष्ट्रिय आप्रवासी स्रोत केन्द्रसँग आवश्यक समन्वय गरी सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अद्यावधिक सूचना सामग्री विकास तथा वितरण गर्नुका साथै समस्याहरुमा सहजीकरण गर्ने,

(ञ) वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका व्यक्तिलाई सामाजिक तथा आर्थिक पुनःएकीकरण सम्बन्धी सूचना प्रदान र सो सँग सम्बन्धित निकाय तथा कार्यक्रममा सिफारिस गर्ने।

२५. **समुदाय अभिमुखीकरण कार्यक्रम** : (१) उल्लेख्य संख्यामा वैदेशिक रोजगारीमा गएको स्थान, सीमान्तकृत समुदाय लगायत विभिन्न पेशा तथा क्षेत्रका व्यक्तिहरूलाई लक्षित गरी वैदेशिक रोजगारीको विविध पक्षमा सचेतना विस्तारका कार्यक्रमहरु जस्तैः र्‍याली, सडक नाटक, स्थानीय मेलाहरुमा सूचना स्टल राख्ने, समुदाय अभिमुखीकरण, गहन अभिमुखीकरण, छलफल तथा परामर्श, क्षमता विकास तालीम आदि सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने समुदाय अभिमुखीकरणका लागि कार्यक्रम सहयोग इकाईले आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

२६. **रिटर्नी स्वयंसेवक परिचालन** : (१) वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सूचना प्रदान गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको रूपमा परिचालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन हुने सबै स्थानीय तहमा कम्तिमा ३ जनाका दरले रिटर्नी स्वयंसेवक परिचालन गरिनेछ।

(३) रिटर्नी स्वयंसेवकले एक महिनामा कम्तिमा १५ दिन आफ्नो कार्यक्षेत्रको समुदायस्तरमा वैदेशिक रोजगारी सम्बन्धी सूचना, जानकारी तथा अनुभव आदान प्रदान गर्नेछन्।

(४) सम्बन्धित स्थानीय तहले थप रिटर्नी स्वयंसेवक नियुक्ती एवं परिचालन गरी कार्यक्रमको दायरालाई थप विस्तार गर्न पहल गर्नेछ।

(५) उपदफा (४) बमोजिम परिचालन भएका रिटर्नी स्वयंसेवकहरुको रिटर्नी नियुक्ति प्रक्रिया, कार्यशर्त तयारी, परिचालन र क्षमता विकासमा कार्यक्रम सहयोग इकाईले सहयोग तथा सहजीकरण गर्नेछ।

२७. **सामाजिक अभियन्ता तथा संचारमाध्यमको परिचालन** : स्थानीय सामाजिक अभियन्ता र संचारकर्मीलाई वैदेशिक रोजगारी सम्बन्धमा आधारभूत तालीम प्रदान गरी आप्रवासन अभियन्ता (Champion Mobilization) को रूपमा परिचालन गरिनेछ। साथै स्थानीय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न सञ्चार माध्यमको परिचालन गरिनेछ।

२८. **<u>सीप विकास तालीम</u> :** (१) वैदेशिक रोजगारीमा जाने निर्णय गरेका व्यक्तिलाई लक्षित गरी कार्यक्रम सहयोग इकाईको व्यवस्थापनमा ३० दिने निःशुल्क (खाना र बस्ने सुविधा सहित) सीप विकास तालीम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमका तालीम गन्तव्य मुलुकको आवश्यकता समेतलाई ध्यान दिई वैदेशिक रोजगार बोर्ड वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदले स्वीकृत गरेको पाठ्यक्रम अनुसार सञ्चालन हुनेछन्। साथै, तालीममा ३ दिने जीवनोपयोगी सीप समेत समावेश गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सीप तालीम प्रदान गर्न कार्यक्रम सहयोग इकाईले तालीम प्रदायक संस्था खरिद तथा व्यवस्थापन गर्नेछ।

(४) तालीम प्रशिक्षक र प्रशिक्षार्थी छनौटका लागि आवश्यक योग्यता तथा मापदण्ड, विधि तथा प्रक्रिया, सीप प्रकार, तालीम स्थान लगायत सम्पुर्ण तालीम सञ्चालन विधि कार्यक्रम सहयोग इकाईले निर्धारण गरे बमोजिम हुनेछ।

(५) वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गरिने वैदेशिक रोजगारसँग सम्बन्धी सीप तालीमको गुणस्तरीयता तथा प्रभावकारीताको निम्ति कार्यक्रम सहयोग इकाईले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई प्राविधिक सहयोग उपलब्ध गराउनुको साथै आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

(६) उपदफा (१) बमोजिम तालीम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको सीप तथा दक्षता बमोजिम गन्तव्य मुलुकस्थित रोजगारी उपलब्ध गराउन कार्यक्रम सहयोग इकाईले तालीम प्रदायक संस्था मार्फत आवश्यक समन्वय गर्नेछ।

२९. **<u>न्यायमा पहुँच</u> :** (१) दफा १३ को उपदफा (१) बमोजिमका आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्र र दफा १३ बुदाँ (झ) बमोजिमका राष्ट्रिय साझेदार संस्थाहरू मार्फत वैदेशिक रोजगारीको क्रममा समस्या तथा ठगीमा परेका व्यक्तिहरूको न्याँयमा पहुँचका लागि आवश्यक सूचना तथा परामर्श प्रदान गर्नुको साथै सम्बन्धित निकायसँग समन्वय, सहजीकरण र ताकेता गरिनेछ।

(२) आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्र र राष्ट्रिय साझेदार संस्थामा आएका सेवाग्राही तथा समस्याको बारेमा अभिलेखिकरण राखिनेछ। साथै, आवश्यक प्रमाण तथा कागजात जुटाउनमा सहयोग गर्ने, कानूनी प्रक्रियागत विषयमा सहयोग गर्ने र सेवाग्राहीलाई सूचना प्रवाह गर्ने कार्य गरिनेछ।

(३) राष्ट्रिय साझेदार संस्थामार्फत गन्तव्य मुलुक स्थित समस्यामा परेका नेपाली कामदारहरूलाई पारालिगल सहयोग (Paralegal Support) उपलब्ध गराइनेछ। यस कार्यका लागि गन्तव्य

मुलुकस्थित नेपाली कूटनीतिक नियोग र सम्बन्धित निकाय/पक्षहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

३०. **<u>मनोसामाजिक परामर्श</u>** : (१) वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति तथा निजका परिवारलाई लक्षित गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

(२) वैदेशिक रोजगारीमा गएका व्यक्तिको घर-परिवारका सदस्य (विशेष गरी महिला) लाई लक्षित वित्तीय साक्षरता कक्षाका सहभागीलाई सामुहिक रूपमा मनोसामाजिकक परामर्श सेवा उपलब्ध गरिनेछ।

(३) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा प्रदान गर्दा अपनाउनु पर्ने आधारभुत विषयहरू जस्तैः उपयुक्त स्थान, गोपनीयता र विश्वासनीयता कायम गरिनेछ।

(४) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा प्रवाह गर्नका निम्ति सम्बन्धित स्थानीय तहले कम्तिमा १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्ति गर्नेछ। सो परामर्शकर्ता छनौट प्रक्रियाको लागि आवश्यक प्राविधिक सहयोग कार्यक्रम सहयोग इकाईले उपलब्ध गराउनेछ।

(५) राष्ट्रिय साझेदार संस्थामार्फत मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास, अनुगमन र सहजीकरण गर्ने लगायतका कार्य गरिनेछ।

(६) स्थानीय स्तरमा पहिचान भएका अन्य आकस्मिक मनोसामाजिक समस्यामा सम्बन्धित स्वास्थ्य शाखा/इकाईको समन्वयमा आवश्यक सेवा प्रदान गर्न सकिनेछ।

(७) महामारी, प्रकोप लगायतको विपद तथा आकस्मिक परिस्थितिमा स्थानीय तहको निर्णय अनुसार आवश्यक जनशक्ति परिचालन गरी मनोसामाजिक परामर्श सेवा विस्तार गर्न सकिनेछ।

३१. **<u>वित्तीय साक्षरता</u>** : (१) वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको उचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गरी आय आर्जन वृद्धि तथा रोजगारीको अवसर सृजना गर्ने उद्देश्यले विप्रेषण प्राप्त गर्ने घरपरिवारलाई लक्षित गरी समुदाय स्तरमा सामुहिक रूपमा वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षामा भौगोलिक बनौट र स्थानीय परिवेश अनुसार प्रत्येक समूहमा कम्तीमा २५ जना र बढीमा ३० जना सम्म सहभागी हुन सक्नेछन्। पहाडी जिल्लाहरुको हकमा विशेष परिस्थितिमा सहभागीको उपलब्धता कम भएको अवस्थामा कम्तीमा १५ जना नघट्ने गरी केही कक्षाहरु सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षा सामान्यतया प्रत्येक हप्ताको एक दिन करिब २ घण्टा सञ्चालन हनेछ र यस्ता कक्षा बढीमा ६ महिनासम्म नियमित सञ्चालनमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षा सञ्चालनको लागि स्वीकृत बजेट तथा कार्यक्रममा रही राष्ट्रिय सेवा प्रदायक संस्थाले उपलब्ध गराएको न्यनतम् मापदण्ड अनुसार योजना बनाई कार्यान्वयन गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षा सञ्चालन गर्नको निम्ति सम्बन्धित स्थानीय तहले कम्तिमा १ जना वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरिनेछ।

(६) उपदफा (५) बमोजिमको वित्तीय साक्षरता सहजकर्ता छनौट प्रक्रिया तथा मापदण्डको लागि कार्यक्रम सहयोग इकाईले आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्नेछ।

(७) उपदफा (१) बमोजिमको वित्तीय साक्षरता कक्षाका सहभागीहरुको निम्ति राष्ट्रिय साझेदार संस्थाले हाते पुस्तिका तयार गरी उपलब्ध गराउने छ।

(८) राष्ट्रिय साझेदार संस्थामार्फत वित्तीय साक्षरता सहजकर्ताको क्षमता विकास, अनुगमन र सहजीकरण गर्ने लगायतका कार्य गरिनेछ।

## परिच्छेद-६

## वित्तीय व्यवस्थापन प्रणाली

३२. **कार्यक्रमको कूल बजेट :** (१) कार्यक्रमको (तेस्रो चरण) र थप दुई वर्षको समयावधि समेत गरी यस कार्यक्रमको कूल बजेट ३२.०२ मिलियन स्वीस फ्रयान्क (करिब ३ अर्व ३७ करोड नेपाली रुपैंया) हुनेछ।

(२) उपदफा (१) बमोजिमको कूल बजेट मध्ये २१.५८३ मिलियन स्वीस फ्रयान्क (करिब २ अर्व २३ करोड रुपैंया) स्वीस सरकारले र १०.४३७ मिलियन स्वीस फ्रयान्क (करिब १ अर्व १४ करोड रुपैंया) नेपाल सरकारले उपलब्ध गराउनेछ।

(३) मन्त्रालयले कार्यक्रम सञ्चालन भएका प्रदेश सरकार र स्थानीय तहहरूमा “अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४” को दफा ९ उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि सशर्त अनुदानको रूपमा उपलब्ध गराउनेछ।

(४) उपदफा (२) बमोजिमको बजेट नेपाल सरकार अर्थ मन्त्रालयको बजेट (रातो किताब) मा समावेश गरिनेछ। साथै, सो बजेट कार्यक्रम अनुरूप मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गरिनेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट नगद अनुदान तर्फको रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित ऐन, कानुन, नियमावली र निर्देशिका बमोजिम हुनेछ। साथै, खर्च गर्ने निकायले समग्र वित्तीय अनुशासन कायम गर्ने, कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी प्रचलित आर्थिक कानून अनुसार खर्च गर्ने, लेखाङ्कन गर्ने र सो को लेखा परीक्षण गर्नु गराउनु पर्नेछ।

(६) कार्यक्रमको लागि प्राविधिक सहयोग उपलब्ध गराउन हेल्भेटास नेपाल (कार्यक्रम सहयोग इकाई) लाई स्वीस सरकार विकास सहयोग एसडीसीले उपलब्ध गराउने सोझै भूक्तानी रकमको खर्च प्रक्रिया, विधि, प्रतिवेदन र लेखा परीक्षण नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम हुनेछ।

(७) दफा १२ को बुदाँ (च) बमोजिम स्थापना हुने कार्यक्रम सहयोग इकाई र मातहतका इकाई/कार्यलयले कार्यक्रम दस्तावेज र स्वीकृत वार्षिक कार्ययोजनामा उल्लेख भएबमोजिम कार्यक्रम सञ्चालन गर्नेछ।

(८) उपदफा (२) बमोजिमको बजेट रकम अनुसूची- ४ मा उल्लेख गरिएको कोष तथा बजेट प्रवाह चार्ट (Fund Flow Chart) अनुसार प्रवाह हुनेछ।

३३. **<u>लेखा परीक्षण सम्बन्धी व्यवस्था</u> :** (१) कार्यक्रमको लक्ष्य तथा वार्षिक कार्ययोजना अनुसार कार्यक्रम सञ्चालनको लागि प्रवाह भएको बजेटको आय र व्ययको लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ।

(२) कार्यक्रम संचालनको लागि तीन तहको सरकारी कार्यलयमा नगद अनुदानको रूपमा विनोयोजन भएको बजेटको आय र व्ययको लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानुन अनुसार महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) प्राविधिक सहयोगको लागि निकासा भएको सोझै भुक्तानी अनुदान रकमको आय र व्ययको लेखा परीक्षण सुरक्षित आप्रवासन कार्यक्रम (SaMi, तेस्रो चरण) को लागि नेपाल सरकार र स्वीस सरकार बिच भएको दूई पक्षीय सम्झौंतामा व्यवस्था भए अनुसार क वर्गको चार्टड एकाउन्टेन्टबाट हुनेछ।

(४) उपदफा (२) अनुसार कार्यक्रमको लेखापरीक्षण प्रतिबेदनको प्रतिलिपी प्रदेश सरकार र स्थानीयतह हरूले पत्रसहित मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(५) उपदफा (३) अनुसार सम्पन्न भएको लेखापरीक्षण प्रतिबेदन कार्यक्रम सहयोग ईकाइले पत्र सहित मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(६) उपदफा (२) र (३)मा भएको लेखापरीक्षणको क्रममा लेखा परीक्षकले उठान गरेको विषय वस्तुको जवाफ तथा वेरुजु फछ्यौंट गर्ने जिम्मेबारी सम्बन्धित खर्च गर्ने कार्यालयको हुनेछ।

## परिच्छेद-७

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

३४. **मन्त्रालय** : (१) कार्यक्रमको लक्ष्य तथा वार्षिक कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयन भएको नभएको सम्बन्धमा मन्त्रालयले सबैतहमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) मन्त्रालयले अन्य सम्बद्ध निकायको समेत संलग्नता हुने गरी संयुक्त रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(३) कार्यक्रम निर्देशक समितिले कार्यक्रमको अनुगमन गरी सुधारको लागि सम्बन्धित पक्षलाई निर्देशन दिन सक्नेछ।

(४) कार्यक्रम सहयोग इकाईले मन्त्रालयबाट हुने अनुगमनको लागि आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

३५. **प्रदेशको श्रम तथा रोजगार हेर्ने मन्त्रालय** : (१) श्रम तथा रोजगार हेर्ने मन्त्रालयले प्रदेश अन्तर्गतका स्थानीय तहमा सञ्चालन भएका कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी सुधारको लागि सुझाव दिनेछ।

(२) प्रदेशले अनुगमनबाट प्राप्त गरेका सुझाव तथा निष्कर्ष मन्त्रालय तथा कार्यक्रम सहयोग इकाईमा पठाउन सक्नेछ।

(३) प्रदेश स्थित कार्यक्रम सहयोग इकाईले प्रदेशबाट हुने अनुगमनका लागि आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

३६. **स्थानीय तह** : (१) कार्यक्रम सञ्चालन भएका स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन/सुपरिवेक्षण समिति, स्थानीय तह कार्यक्रम व्यवस्थापन समिति तथा सम्बन्धित पदाधिकारीले कार्यक्रमकाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रभावकारी कार्यान्वयनको निम्ति आवश्यक पहल तथा सुधार गर्नेछन्।

(२) कार्यक्रम अनुगमन तथा मूल्याङ्कनबाट आएको निष्कर्षको आधारमा कार्यक्रमको नीतिगत सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयलाई पृष्ठपोषण गरी मन्त्रालयलाई नीतिगत सुधारका लागि सुझाव प्रदान गर्न सक्नेछ।

३७. **<u>कार्यक्रम सहयोग इकाई</u> :** (१) काठमाडौं स्थित कार्यक्रम सहयोग इकाई र प्रदेशस्थित कार्यक्रम सहयोग इकाईले नियमित रुपमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) कार्यक्रम कार्यान्वयनको प्रगति सम्बन्धी सूचना तथा तथ्यांकहरु आवधिक रुपमा संकलन गर्न अनलाईन सूचना व्यवस्थापन प्रणालीको विकास गरी सञ्चालन गर्नेछ।

(३) कार्यक्रमको समग्र प्रगति तथा तथ्यांकको विश्लेषण गरी आवधिक प्रतिवेदन तयारी गरी मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसीलाई नियमित रूपमा उपलब्ध गराउनेछ।

(४) कार्यक्रम अनुगमनबाट आएका सुझाव तथा निष्कर्षको आधारमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सुधार गर्नुपर्ने देखिएमा कार्यक्रम सहयोग इकाईले सुधारका लागि सम्बन्धित निकाय/पक्षसँग समन्वय र सहजीकरण वा आफैले आवश्यक कार्य गर्नेछ।

(५) कार्यक्रमको समग्र अनुगमन तथा मुल्याङ्कनलाई व्यवस्थित गर्न कार्यक्रम सहयोग इकाईबाट अनुगमन मार्गदर्शन (Monitoring Guideline) तयार गरी कार्यान्वयनमा ल्याईने छ।

३८. **<u>विशेष अनुगमन तथा समीक्षा</u> :** (१) कार्यक्रम निर्देशक समितिले आवश्यक ठानेमा स्वतन्त्र विज्ञ परिचालन गरी कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन तथा समीक्षा गराउन सक्नेछ।

(२) स्वीस सरकार विकास सहयोग एसडीसीले कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको स्वतन्त्र परामर्शदाता खरिद गरी कार्यक्रमको समग्र प्रभावकारीताको बारेमा समिक्षा गर्न सक्नेछ।

## परिच्छेद-८

## <u>प्रतिवेदन सम्बन्धी व्यवस्था</u>

३९. **<u>प्रदेश सरकार र स्थानीय तहले पेश गर्ने कार्यक्रम प्रतिवेदन</u> :** (१) प्रदेशको  सामी कार्यक्रम हेर्ने मन्त्रालय र कार्यक्रम लागू भएका स्थानीय तहले कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण प्रगति विवरणहरु समावेश गरी मासिक, त्रैमासिक, अर्ध वार्षिक, वार्षिक प्रगति प्रतिवेदनका साथै कार्यक्रम सम्पन्न प्रतिवेदन नेपाल सरकारले तोकेको ढाँचामा तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको मासिक प्रतिवेदन महिना सकिएको २ दिन भित्र, त्रैमासिक प्रगति प्रतिवेदन प्रत्येक त्रैमासिक सकिएको ७ दिन भित्र, अर्ध वार्षिक प्रतिवेदन प्रत्येक अर्ध वार्षिक सकिएको १५ दिन भित्र र वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष सकिएको १५ दिन भित्र कार्यक्रम सहयोग इकाईले स्थापना गरेको अनलाईन सूचना व्यवस्थापन प्रणाली मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) यसरी प्राप्त प्रतिवेदन एकीकृत गरी कार्यक्रम निर्देशक समिति तथा स्वीस सरकार विकास सहयोग एसडीसीमा पेश गर्ने जिम्मेवारी कार्यक्रम सहयोग इकाईको हुनेछ।

(४) उपदफा (१) बमिजिमको कार्यक्रमको प्रतिवेदन संकलनको लागि कार्यक्रम सहयोग इकाईले सहजीकरण गर्ने र प्राप्त प्रतिवेदनलाई एकीकृत गरी सारांश प्रतिदेन तयार गरी आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेश गर्नु पर्नेछ।

४०. **कार्यक्रम सहयोग इकाइले पेश गर्ने कार्यक्रम प्रतिवेदन :** (१) कार्यक्रम सहयोग इकाईले त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन विश्लेषण तथा निचोड सहितको विवरण तयार गरी मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसीलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदनलाई आवश्यकता अनुसार कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेस गरिनेछ।

(३) प्रतिवेदनको ढाँचा तोकिए बमोजिम हुनेछ।

४१. **प्रदेश सरकारको वित्तीय प्रतिवेदन :** (१) प्रदेश सरकारको श्रम तथा रोजगार हेर्ने मन्त्रालयले त्रैमासिक अवधि समाप्त भएको मितिले ७ दिन भित्र म.ले.प.फा.न. २१० (खर्चको फाँटवारी) र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र प्रमाणित वित्तीय विवरण म.ले.प.फा.न. २१०, २१३ र २१४ तयार गरी मन्त्रालयमा सक्कल प्रति र सो को विद्युतीय प्रति पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय विवरण पठाँउदा प्रदेश लेखा नियन्त्रक कार्यालयको एकल कोष खाता (TSA) सँग रूजू गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) कार्यक्रम सहयोग इकाईले उपदफा (१) बमोजिम वित्तीय प्रतिवेदन संकलनको लागि सहजीकरण गर्ने र प्राप्त प्रतिवेदनलाई एकीकृत गरी सारांश प्रतिदेन तयार गरी आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेश गरिने छ।

४२. **स्थानीय तहको वित्तीय प्रतिवेदन :** (१) स्थानीय तहले त्रैमासिक अवधि समाप्त भएको मितिले ७ दिन भित्र म.ले.प.फा.न. २१० (खर्चको फाँटवारी) र आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र

प्रमाणित वित्तीय विवरण म.ले.प.फा.न. २१०, २१३ र २१४ तयार गरी मन्त्रालयमा सक्कल प्रति र सो को विद्युतीय प्रति पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय विवरण पठाउँदा सुत्र प्रणाली (SuTRA Software) र कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष खाता (TSA) सँग रूजू गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) कार्यक्रम सहयोग इकाईले उपदफा (१) बमोजिम वित्तीय प्रतिवेदन संकलनको लागि सहजीकरण गर्ने र प्राप्त प्रतिवेदनलाई एकीकृत गरी सारांश प्रतिदेन तयार गरी आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेश गरिने छ।

४३. **कार्यक्रम सहयोग इकाइको वित्तीय प्रतिवेदन :** (१) कार्यक्रम सहयोग इकाई र मातहतका इकाईहरुले गरेको खर्चको विवरण सहितको त्रैमासिक, अर्धवार्षिक र वार्षिक आर्थिक प्रतिवेदन कार्यक्रम सहयोग इकाईले तयार पारी मन्त्रालयमा पेश गर्नुपर्दछ।

(२) यस्तो प्रतिवेदन आवश्यकता अनुसार कार्यक्रम निर्देशक समितिमा छलफलका लागि पेश गरिनेछ।

(३) अर्धवार्षिक र वार्षिक आर्थिक प्रतिवेदन हेल्भटास नेपाल मार्फत स्वीस सरकार विकास सहयोग एसडीसीमा समेत पेश गरिनेछ।

(४) प्रतिवेदनको ढाँचा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## विविध

४४. **वार्षिक कार्ययोजना (YPO) :** (१) प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालनको क्रममा प्राप्त अनुभव तथा सिकाईको आधारमा कार्यक्रम तथा बजेट समावेश गरी वार्षिक कार्ययोजना मन्त्रालयमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक कार्ययोजना दफा १२ को बुदाँ (क) बमोजिमको कार्यक्रम निर्देशक समितिबाट स्वीकृत भई कार्यान्वयन गरिनेछ।

४५. **बजेट साझेदारी :** (१) प्रदेश सरकार, स्थानीय तह र वैदेशिक रोजगार बोर्डको बजेट साझेदारीमा कार्यक्रमका क्रियाकलाप थप विस्तार गरी सञ्चालन गर्न सकिनेछ।

(२) बजेट साझेदारी सम्बन्धी व्यवस्थाको बजेट प्रवाह चार्ट अनुसूची-४ बमोजिम हुनेछ।

४६. **<u>कार्यक्रमको दिगोपना</u> :** कार्यक्रम अन्तर्गतका सेवाहरूको स्थानीयकरण तथा दिगोपनाको निम्ति तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय) बीचमा समन्वय र बजेट साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

४७. **<u>वाधा अड्काउ फुकाउने अधिकार</u> :** यस मार्गदर्शनको कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा कार्यक्रमको मूल दस्तावेज र प्रचलित कानूनको अधिनमा रही वाधा अड्चन फुकाउने अधिकार कार्यक्रम निर्देशक समितिमा हुनेछ।

४८. **<u>खारेजी र बचाउ</u> :** (१) कार्यक्रम निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन वा खारेजी गर्न सक्नेछ।

(२) "सुरक्षित आप्रवासन परियोजना (SaMi III) कार्यान्वयन निर्देशिक, २०७६" खारेज गरिएको छ। सो कार्यविधि बमोजिम भएका कार्यहरू यसै मार्ग निर्देशन बमोजिम भएको मानिनेछ।

## अनुसूची-१
### (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
### कार्यक्रम सञ्चालन हुने प्रदेशगत जिल्ला तथा स्थानीय तहको सूची

| प्रदेश | क्र.स. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| **प्रदेश १** | १ | झापा | **भद्रपुर नगरपालिका**, दमक नगरपालिका, मेचीनगर नगरपालिका, गौरीगंज गाउँपालिका |
| | २ | ईलाम | **इलाम नगरपालिका,** सुर्योदय नगरपालिका, देऊमाई नगरपालिका, माङ्गसेबुङ गाउँपालिका |
| | ३ | पाँचथर | **फिदिम नगरपालिका,** फाल्गुन्नद गाउँपालिका, फालेलुङ गाउँपालिका, मिक्लाजुङ गाउँपालिका |
| | ४ | मोरङ | **विराटनगर महानगरपालिका,** उर्लाबारी नगरपालिका, रंगेली नगरपालिका, कानेपोखरी गाउँपालिका |
| | ५ | सुनसरी | **इनरुवा नगरपालिका,** धरान उपमहानगरपालिका, इटहरी उपमहानगरपालिका, भोक्राहा नरसिंह गाउँपालिका |
| | ६ | भोजपुर | **भोजपुर नगरपालिका,** षडानन्द नगरपालिका, ट्याम्केमैयुम गाउँपालिका, हतुवागढी गाउँपालिका, |
| | ७ | खोटाङ | **दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**, हलेशी तुवाचुङ नगरपालिका, केपिलासगढी गाउँपालिका, खोटेहाङ गाउँपालिका |
| | ८ | उदयपुर | **त्रियूगा नगरपालिका,** कटारी नगरपालिका, चौदण्डगढी नगरपालिका, रौतामाई गाउँपालिका |
| **मधेश प्रदेश** | ९ | सप्तरी | **राजविराज नगरपालिका,** कञ्चनरूप नगरपालिका, शम्भुनाथ नगरपालिका, राजगढ गाउँपालिका |
| | १० | सिराहा | **सिरहा नगरपालिका,** लहान नगरपालिका, सुखीपुर नगरपालिका, अर्नमा गाउँपालिका |
| | ११ | धनुषा | **जनकपुर उपमहानगरपालिका,** शहीदनगर नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, धनौजी गाउँपालिका |
| | १२ | महोतरी | **जलेश्वर नगरपालिका,** गौशाला नगरपालिका, वर्दीबास नगरपालिका, पिपरा गाउँपालिका |
| | १३ | सर्लाही | **मलंगवा नगरपालिका,** हरिवन नगरपालिका, वरहथवा नगरपालिका, चन्द्रनगर गाउँपालिका |

| | | | |
|---|---|---|---|
| | १४ | रौतहट | **गौर नगरपालिका,** गरुडा नगरपालिका,<br>चन्द्रपुर नगरपालिका, दुर्गा भगवती गाउँपालिका |
| | १५ | बारा | **कलैया उपमहानगरपालिका,** जीतपुर सिमरा उपमहानगरपालिका,<br>सिम्रौनगढ नगरपालिका, बारागढी गाउँपालिका |
| | १६ | पर्सा | **बिरगंज महानगरपालिका,** पर्सागढी नगरपालिका,<br>सखुवा प्रसौनी गाउँपालिका, ठोरी गाउँपालिका, |
| **बागमती प्रदेश** | १७ | सिन्धुली | **कमलामाई नगरपालिका,** दुधौली नगरपालिका,<br>तीनपाटन गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका |
| | १८ | रामेछाप | **मन्थली नगरपालिका,** सुनापती गाउँपालिका,<br>दोरम्वा गाउँपालिका, उमाकुण्ड गाउँपालिका |
| | १९ | सिन्धुपाल्चोक | **चौतारा साँगाचोकगढी नगरपालिका,** बाह्रविसे नगरपालिका,<br>पाँचपोखरी थाङपाल गाउँपालिका, हेलम्बु गाउँपालिका |
| | २० | काभ्रेपलाञ्चोक | **धुलिखेल नगरपालिका,** मन्डनदेउपुर नगरपालिका,<br>भुम्लु गाउँपालिका, रोशी गाउँपालिका |
| | २१ | नुवाकोट | **विदुर नगरपालिका,** बेलकोटगढी नगरपालिका,<br>शिवपुरी गाउँपालिका, लिखु गाउँपालिका |
| | २२ | मकवानपुर | **हेटौडा उपमहानगरपालिका,** थाहा नगरपालिका,<br>बकैया गाउँपालिका, मनहरी गाउँपालिका, |
| | २३ | धादिङ | **निलकण्ठ नगरपालिका,** धुनीवेंशी नगरपालिका,<br>गङ्गाजमुना गाउँपालिका, थाक्रे गाउँपालिका, |
| | २४ | चितवन | **भरतपुर महानगरपालिका,** रत्ननगर नगरपालिका,<br>माडी नगरपालिका, ईच्छाकामना गाउँपालिका |
| **गण्डकी प्रदेश** | २५ | नवलपरासी (बर्दगाट सुस्ता पुर्व) | **कावासोती नगरपालिका,** गैडाकोट नगरपालिका,<br>मध्यविन्दु नगरपालिका, विनयी त्रिवेणी गाउँपालिका |
| | २६ | तनहुँ | **व्यास नगरपालिका,** सुक्लागण्डकी नगरपालिका,<br>भानु नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, देवघाट गाउँपालिका, बन्दिपुर गाउँपालिका |
| | २७ | गोरखा | **गोरखा नगरपालिका,** पालुङ्टार नगरपालिका,<br>बारपाक सुलीकोट गाउँपालिका, सहिद लखन गाउँपालिका |
| | २८ | स्याङ्जा | **पुतलीबजार नगरपालिका,** वालिङ नगरपालिका, |

| | | | |
|---|---|---|---|
| | | | गल्याङ नगरपालिका, हरिनास गाउँपालिका, आँधिखोला गाउँपालिका |
| | २९ | कास्की | **पोखरा महानगरपालिका,** अन्नपूर्ण गाउँपालिका, माादी गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका |
| | ३० | बागलुङ | **बाग्लुङ् नगरपालिका,** गल्कोट नगरपालिका, जैमिनी नगरपालिका, काठेखोला गाउँपालिका |
| **लुम्बिनी प्रदेश** | ३१ | नवलपरासी (बर्दगाट सुस्ता पश्चिम) | **रामग्राम नगरपालिका**, वर्दघाट नगरपालिका, सुनवल नगरपालिका, प्रतापपुर गाउँपालिका |
| | ३२ | रुपन्देही | **सिद्धार्थनगर नगरपालिका,** बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, कन्चन गाउँपालिका |
| | ३३ | कपिलवस्तु | **कपिलवस्तु नगरपालिका,** बाणगंगा नगरपालिका, शिवराज नगरपालिका, मायादेवी गाउँपालिका |
| | ३४ | दाङ | **घोराही उपमहानगरपालिका,** तुल्सीपुर उपमहानगरपालिका, लमही नगरपालिका, बबई गाउँपालिका |
| | ३५ | रोल्पा | **रोल्पा नगरपालिका,** रुन्टीगढी गाँउपालिका, परिवर्तन गाँउपालिका, सुनिलस्मृती गाउँपालिका |
| | ३६ | बाँके | **नेपागञ्ज उपमहानगरपालिका,** कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका |
| **कर्णाली प्रदेश** | ३७ | सल्यान | **शारदा नगरपालिका,** बाघचौर नगरपालिका, छत्रेश्वरी गाउँपालिका, वनगाड कुपिण्डे गाउँपालिका |
| **सुदूरपश्चिम प्रदेश** | ३८ | कैलाली | **धनगढी उपमहानगरपालिका,** टिकापुर नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका |

## अनुसूची-२

### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्र सञ्चालनका लागि न्यूनतम आवश्यकता एवं पूर्वाधारहरू

**(क) आप्रवासी स्रोत केन्द्र सञ्चालनका लागि न्यूनतम आवश्यकता एवं पूर्वाधारहरू**

| मापदण्ड | न्यूनतम पूर्वाधारहरु |
|---|---|
| आप्रवासी स्रोत केन्द्र अवस्थिति र पहुँच | आप्रवासन स्रोत केन्द्र, राहदानीको लागि निवेदन दिने स्थान जिल्ला प्रशासन कार्यालय भित्र हुनुपर्ने |
| आप्रवासी स्रोत केन्द्रको आकार र कोठाहरू | कम्तीमा १२ x १० साइजका २ कोठा हुनुपर्दछ (एक कोठा पुरुष सेवाग्राही र अर्को कोठा महिला सेवाग्राहीको साथै एउटा केही ठूलो आकारको सभा कक्षामा समूहगत परामर्श कक्षको सहज पहुँच भएको हुनुपर्ने |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | दुई जना परामर्शकर्ता मध्ये १ जना महिला अनिवार्य<br>स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता |
| न्यूनतम उपकरणहरू | कम्प्युटर २, प्रिन्टर १, फोटोकपी मेसिन १, स्क्यानर १, प्रोजेक्टर १, स्पिकर, इन्टरनेट सुविधा, दराज, खानेपानी, सूचना बोर्ड, ल्याण्डलाइन टेलिफोन, अफिस टेबल ३ र कुर्ची २० आदि |

**(ख) आप्रवासी स्रोत उपकेन्द्र सञ्चालनका लागि न्यूनतम आवश्यकता एवं पूर्वाधारहरू**

| मापदण्ड | न्यूनतम पूर्वाधारहरु |
|---|---|
| आप्रवासी स्रोत उपकेन्द्र अवस्थिति र पहुँच | आप्रवासन स्रोत उपकेन्द्र, राहदानीको लागि निवेदन दिने स्थान इलाका प्रशासन कार्यालय भित्र हुनुपर्ने |
| आप्रवासी स्रोत उपकेन्द्रको आकार र कोठाहरू | कम्तीमा १ ओटा कोठा भएको हुनुपर्ने |
| परामर्श दिने कार्यका लागि न्यूनतम जनशक्ति | कम्तिमा १ जना परामर्शकर्ता (महिला तथा स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता) |
| न्यूनतम उपकरणहरू | कम्प्युटर १, स्क्यानर १, इन्टरनेट सुविधा, ल्याण्डलाइन टेलिफोन, अफिस टेबल १, अफिस कुर्ची १, सूचना बोर्ड र सेवाग्राहीको लागि कुर्ची १० आदि तथा आवश्यकता अनुसार थप उपकरण राख्न सकिनेछ। |

## अनुसूची-३
## (दफा १० को उपदफा (३) सँग सम्बन्धित)
## कार्यक्रमका कर्मचारी छनौट/नियुक्तिका न्युनतम आधारहरु

| क्र. सं. | पद | योग्यता |
|---|---|---|
| १ | कार्यक्रम संयोजक | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २ | लेखा तथा प्रशासन अधिकृत (स्थानीय तह आफैले कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गरेको अवस्थामा लेखा तथा प्रशासन अधिकृतको आवश्यकता नहुँदा सो को सट्टा सामाजिक परिचालन अधिकृत नियुक्त गरी परिचालन गर्न सकिनेछ | **लेखा तथा प्रशासन अधिकृतः**<br>व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा २ वर्षको कार्यानुभव।<br>**सामाजिक परिचालन अधिकृतः**<br>न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको। वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम लिएकोलाई प्राथमिकता दिइनेछ। |
| ३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको। साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |
| ४ | मनोसामाजिक परामर्शकर्ता | सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्थाः**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छः |

| | | |
|---|---|---|
| | | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ५ | वित्तीय साक्षरता सहजकर्ता | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ६ | रिटर्नी स्वयंसेवक (आंशिक) | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

अनुसूची-४

(दफा ४५ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यक्रमको बजेट प्रवाह चार्ट (Budget Flow Chart)**

